राष्ट्रिय वाणिज्य बैंक
RASTRIYA BANIJYA BANK
...तपाईंको आफ्नै बैंक
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था

# राष्ट्रिय वाणिज्य बैंक लि.

**केन्द्रीय कार्यालय**

**प्रमुख कार्यकारी अधिकृतको कार्यालय**

सिंहदरबारप्लाजा, काठमाडौं

मिति : २०८३/०३/०२

**प्रेस विज्ञप्ती**

## राष्ट्रिय वाणिज्य बैंकद्वारा गोरखाको सिउरेनीटार र जुम्लाको सिंजामा शाखा विस्तार

राष्ट्रिय वाणिज्य बैंकले गोरखा जिल्लाको गण्डकी गाउँपालिका वडा नं ८ सिउरेनीटारमा शाखा कार्यालय सिउरेनीटार असार १ गते देखि सञ्चालनमा ल्याएको छ।

त्यसैगरी बैंकले कर्णाली प्रदेश अन्तर्गत जुम्ला जिल्लाको सिंजा गाउँपालिका वडा नं ३ नराकोटमा शाखा कार्यालय सिंजा गत जेठ २६ गते देखि सञ्चालनमा ल्याएको थियो।

उपरोक्त शाखाहरु सञ्चालनमा आएसंगै राष्ट्रिय वाणिज्य बैंकको शाखा संख्या ३१६ पुगेको छ। वि.सं. २०२२ साल माघ १० गते पूर्ण सरकारी स्वामित्वमा स्थापना भएको राष्ट्रिय वाणिज्य बैंकले हाल ७ वटै प्रदेशका ७७ जिल्ला सदरमुकामसहित दुर्गम क्षेत्रलाई समेत समेट्ने गरी शाखा कार्यालयहरु सञ्चालनमा ल्याएको छ। बैंकले कर्जा, निक्षेप सहित एटिएम, मोबाईल बैंकिङ लगायतका आधुनिक डिजिटल बैंकिङ सेवाहरु उपलब्ध गराईरहेको छ।

............................

पवन रेग्मी

उपकार्यकारी अधिकृत तथा सूचना अधिकारी



